नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ती

जिल्लाको समग्र शान्ति, सुरक्षा, अमनचयन, सुव्यवस्था र सुशासन कायम गर्न गृह मन्त्रालय मातहत सबै जिल्लाहरुमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था छ । प्रत्येक जिल्लामा खटिएका प्रमुख जिल्ला अधिकारीहरुले नेपाल सरकारले बहन गर्नुपर्ने जिम्मेवारीहरु पूरा गर्ने दायित्व रही आएको छ ।

यसै सन्दर्भमा सार्वजनिक सेवालाई थप सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी, पारदर्शी र सूचनामुलक बनाउदै जनतालाई सार्वजनिक सेवाको प्रत्याभूति दिन निजामती सेवा ऐन, २०४९ को दफा १५.२ र नि.से.नि २०५० को नियम ३४ को (ख) तथा गृह प्रशासन सुधार कार्य योजना, २०७४ को बुदाँ नं. २६ बमोजिम मन्त्रालयको कार्य सम्पादनमा संलग्न रहने प्रमुख जिल्ला अधिकारीसँग कार्य सम्पादन सम्झौता गरी जिम्मेवारी दिने व्यवस्था गरिएको छ ।

यसै अनुरुप गृह मन्त्रालयका सचिव श्री प्रेमकुमार राई र काठमाण्डौं, ललितपुर र भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुका बीच गृह मन्त्रालयमा आज मिति २०७५।०९।१५ मा कार्य सम्पादन सम्झौतामा उल्लेख गरिएका सम्झौताका सूचकहरु बमोजिम कार्य सम्पादन गर्ने गराउने गरी कार्य सम्पादन सम्झौता गरिएको छ ।बाँकी रहेका ७४ जिल्लामा आगामी १५ दिन भित्र कार्य सम्पादन सम्झौता गराइने र भविष्यमा बहाल भई जाने सबै प्रमुख जिल्ला अधिकारीहरुसँग यसै अनुरुप निरन्तर रुपमा कार्य सम्पादन सम्झौता हुने तथा सोही आधारमा सबै प्रमुख जिल्ला अधिकारीहरुको कार्य सम्पादन मूल्याङ्कन गरिने समेत जानकारी गराइन्छ ।

मितिः २०७५/०९/१५

रामकृष्ण सुवेदी
प्रवक्ता एवं सहसचिव